**कोन्ज्योसोम गाउँपालिका**

# स्थानीय राजपत्र

**कोन्ज्योसोम गाउँपालिकाद्धारा प्रकाशित**

खण्डः २ संख्याः ७ मितिः २०७६/०८/०६

## भाग-२

## कोन्ज्योसोम गाउँपालिकाको

## अध्यक्ष रोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६

**प्रस्तावनाः**

गाउँपालिकामा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम्सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन अध्यक्ष रोजगारकार्यक्रम मार्फत पारिश्रमिक ढाँचामा रोजगार मुलक आयोजना तथा कार्यक्रम सञ्चालन गर्न योकार्यविधि बनाईएको हो ।

### परिच्छेद १

### प्रारम्भिक

१.सक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम अध्यक्ष रोजगार कार्यक्रम (संचालन तथाव्यवस्थापन कार्यविधि) हुनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) कार्यविधि भन्नाले, अध्यक्ष रोजगार कार्यक्रम कार्यविधि-२०७६ सम्झनुपर्छ ।

(ख) ‘‘कार्यक्रम’’ भन्नाले अध्यक्ष रोजगार कार्यक्रम सम्झनु पर्दछ ।

(ग) ‘‘बेरोजगार व्यक्ति’’ भन्नाले गाउँपालिकामा सुचिकृत भए बमोजिमको बेरोजगार व्यक्तिसम्झनु पर्दछ ।

(घ) ‘‘रोजगार सेवा केन्द्र’’ भन्नाले गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रलाई सम्झनु पर्दछ ।

(ङ) ‘‘स्थानिय तह’’ भन्नाले गाउँपालिकालाई सम्झनु पर्दछ ।

(च) ‘‘समुदाय’’ भन्नाले टोल, गाउँ वा वस्तीस्तरमा बसोबास गर्ने व्यक्तिहरुको समूह या समाजलाई

सम्फनु पर्दछ ।

(३) ‘‘समुदाय स्तरको आयोजना’’ भन्नाले समुदायस्तरमा सञ्चालन हुने श्रम-प्रधान सार्वजानिकनिर्माण सम्बन्धी आयोजनाहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## आयोजना सञ्चालन

(३) आयोजना छनौटः

(१) आयोजना छनौट गर्दा गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख नभएका वा उल्लेखभएता पनि रकम अपुग भएका आयोजनाहरुको सूचीबाट छनौट गर्नु पर्नेछ ।

(२) उपखण्ड (१) बमोजिमका आयोजना उपलब्ध नभएको अवस्थामा सम्बन्धित वडाले प्राथामिकतामापर्ने गरी सम्बन्धित समुदायको संलग्नतामा स्थानीय आवश्यकता र सिफारिस गरी पठाउनुपर्नेछ। यसरी प्राप्त आयोजनाहरुको गाउँपालिकाले उपयुक्तताको मूल्याकंन गरी प्राथमिकताकाआधारमा कार्यान्वयन गर्नेछ ।

(३) उपखण्ड (२) बमोजिम गाउँपालिकाले आयोजनाको उपयुक्तता मूल्याकंन गरी प्राथमिकतानिर्धारण गर्दा देहायका आधारहरुमा गर्नेछ ।

क) भौगोलिक विकटता,

ख) गरिबीको स्तर,

ग) विकास निर्माणका अन्य क्रियाकलापहरुको अवस्था,

घ) प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्र,

ङ) बेरोजगारको स्थिति, र

च। गाउँपालिकाले प्राथमिकीकरण गरेको क्षेत्र ।

(ड) यस खण्ड बमोजिम छनौट गरिने एक आयोजनाको लागत अधिकतम रू. ५ लाखकायम गरि सञ्चालन गरिनेछ ।

(४) आयोजनाका प्रकार :

खण्ड ३ बमोजिम आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुलाई प्राथमिकता दिई छनौट गर्नु पर्नेछ ।

(क) सडक निर्माण तथा मर्मत

- स्थानीय तहका सडकहरुको नियमित मर्मत सम्भार,

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र हाटबजार, धार्मिक,सांस्कृतिक तथा पर्यटकिय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार

- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार ।

(ख) कृषि तथा सिंचाई

- सिंचाईका लागि हाल संचालनमा रहेको कुलो, पैनी वा पोखरीको मर्मत सम्भार तथा स्तरोन्नति

- पोखरी तथा पानीको मूल संरक्षण,

- सामूहिक फलफूल खेती,

- सार्वजनिक स्थलमा फलफुल बगैचा निर्माण,

-कृषि तथा पशुपंक्षी उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने शीत

भण्डार, बजार, तरकारी संकलन केन्द्रको निर्माण तथा मर्मत सम्भार ।

(ग) ग्रामिण खानेपानी

- खानेपानीको मूल संरक्षण तथा स्थानिय स्तरका पर्यटकीय क्षेत्र जस्तै झरना, स्विमिङ्गपुल,खानेपानी आयोजनाहरुको निर्माण, विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसफाई

- स्वास्थ्य चौकी, गाउँघर क्लिनिक, सामदायिक स्वास्थ्य ईकाई, प्राथमिक उपचार जस्तालाई

प्रवर्धन गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गर्ने

- सार्वजनिक शौचालय निर्माण तथा स्तरोन्नति,

- फोहोर व्यवस्थापन तथा सार्वजनिक स्थलहरुको सरसफाई ।

(ङ) शिक्षा

- विद्यालय भवन तथा विद्यालय परिसरमा शौचालय, खेल मैदान, कम्पाउण्ड, बगैंचा आदिपूर्वाधार निर्माण, विस्तार तथा मर्मत सम्भार,

- सार्वजनिक खेलकुद, मैदान निर्माण विस्तार, मर्मत तथा खेलकुद प्रवर्धन गर्ने कार्यक्रमसंचालन ।

(च) वन तथा जलाधार

-वृक्षारोपण तथा फलफूलको विरुवा रोपण तथा संरक्षण,

- जलाघार संरक्षण तथा भूक्षय रोकथाम,

- पहिरो तथा नदी नियन्त्रण

- साना बाँध निर्माण,

- स्थानीय पार्क निर्माण, विस्तार तथा मर्मत सम्भार ।

(छ) पर्यटन

-पदमार्ग निर्माण तथा मर्मत सम्भार र पदयात्रा संचालन,

- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा हुने सेड तथा चौतारो निर्माण,

-पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण,

- स्थानीय संस्कृति झल्किने गुम्बा, भ्यू, पार्क तथा मठ-मन्दिर संरक्षण प्रवर्धतका लागि स्तरउन्नती तथा मर्मत सम्भार ।

(ज) स्थानीय आवश्यकता अनुसारका अन्य श्रम-प्रधान आयोजनाहरु ।

-जेष्ठ नागरीक, अपाङ्ग मैत्री कार्यक्रम,

-स्थानीय स्तरमा शिप भएका डोको, बाम्लो, बास तथा धागोमा आधारीत विभिन्न सिप विकास कार्यक्रम

- स्थानिय स्तरमा महिला सिप मैत्री सिलाई बुनाई लगायत जिवन उपयोगी कार्यक्रम ।

(६) प्राविधिक अध्ययन :

रोजगार आयोजना सञ्चालन गर्न सम्बन्धित स्थानीय तहबाट प्राविधिक कर्मचारी खटाई आयोजनाकोप्राविधिक (डिजाईन, इष्मिट) प्रतिवेदन तयार गरी उक्त प्रतिवेदनका आधारमा अनुसूची बमोजिमकोलागत अनुमान फाराम समेत भरी गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(७) उपलब्ध गराउन सकिने रोजगारीको विवरण तयार गर्नु पर्ने :

कार्यविधि बमोजिमगठन हुने श्रमिक समुहहरुलाई बराबर दिनको रोजगारी उपलब्ध गराउनेप्रयोजनको लागि आयोजनामा सिर्जना हुने कुल रोजगारी दिन समेत अनुमान (ईष्टिमेट) गरी यसकार्यविधिको खण्ड ६ बमोजिमको प्रतिवेदनमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद ३

## आयोजना सञ्चालन

(८) निर्देशन तथा समन्वय :

१) स्थानीय स्तरमा तथा वडा भित्र संचालन हुने आयोजनाको कार्यान्वयन, समन्वय, अनुगमन,निर्देशन र संयोजन गाउँपालिकाले गर्नेछ ।

(९) श्रमिक समूह गठन सम्बन्धी व्यवस्था :

१) वडाले यस कार्यविधि बमोजिम सञ्चालन हुने रोजगार आयोजनामा रोजगार सेवा केन्द्रमासूचिकृत बेरोजगार व्यक्तिहरु मध्येबाट प्राथमिकता क्रमका आधारमा काममा खटाउनुपर्नेछ ।

२) उपखण्ड (१) बमोजिम काममा खटाउदा वडाले कार्यविधि बमोजिमको श्रमिक समूह गठनगरी काममा खटाउनु पर्नेछ ।

३) स्थानीय तहले उपखण्ड (२) बमोजिमको श्रमिक समूहबाट कार्यविधिको उपखण्ड (२) बमोजिम १/१ समूह गठन गरी १ जना काममा खटाउनु पर्नेछ ।

४) उपखण्ड (३) बमोजिमको समूह नेताको जिम्मेवारी काम, कर्तव्य र अधिकार देहाय बमोजिमहुनेछ ।

(क) समूहका सदस्यहरुको काममा खटेको दिनको दैनिक हाजिरी गराई अभिलेख राख्ने,

(ख) खण्ड (क) बमोजिमको हाजिरी अभिलेख सम्बन्धित वडाको अध्यक्षबाट सिफारिसगराई रोजगार सेवा केन्द्रमा बुझाउने,

(ग) आयोजना कार्यान्वयनमा समूहका सदस्यहरु बीच आवश्यक सहजिकरण गर्ने र समन्वयगर्ने,

(घ) आयोजना कार्यान्वयनमा समूहका सदस्यहरु बीच आवश्यक सूचना दिन सहजिकरण गर्ने ।

(१०) आयोजनाको व्यवस्थापन :

(१) सामान्यतया एउटा आयोजना एउटा वडाभित्र मात्रै सञ्चालन गर्नुपर्नेछ ।

(२) रोजगार आयोजना सञ्चालन गर्दा आवश्यक पर्ने निर्माण सामाग्रीहरु प्राविधिक प्रतिवेदनकोआधारमा गाउँपालिका वा उपभोक्ताले स्वयले उपलब्ध गराउनु पर्नेछ ।

(३) उपखण्ड (२) बमोजिम निर्माण सामाग्री खरिद गर्दा सो को लागि लाग्ने लागत आयोजनाको कूल बजेटको २५ प्रतिशत भन्दा नबढ्ने गरी खरिद गर्नु पर्नेछ ।

(११) आयोजनको अनुगमन, मूल्याङ्न :

१) आयोजनाको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गाउँपालिकाले तोकेको प्राविधिककर्मचारीले गर्नु पर्नेछ ।

२) गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यक्रम अन्तर्गतका आयोजनाहरुको सुपरीवेक्षण,अनुगमन तथा मूल्याङ्कन गर्न कार्य शर्त तोकी एक जना चौथो तह वा सो सरहको सहायकस्तरको कर्मचारी राखी काम लगाउन सक्नेछ ।

(१२) खर्च व्यवस्थापन प्रक्रिया :

१) रोजगार आयोजना सञ्चालन गर्न गाउँपालिकाको आर्थिक प्रशासनसंग सम्बन्धीत परिधिभित्ररहेर गर्नुपर्नेछ ।

२) यस कार्यविधि बमोजिम सशर्त अनुदानका रुपमा पठाईने रकमका खर्चको पारदर्शिता कायमगर्ने, लेखाकन गर्ने, स्रेस्ता व्यवस्थापन गर्ने र प्रतिवेदन गर्ने जिम्मेवारी सम्बन्धित गाउँपालिकाकोहुनेछ ।

३) आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने कार्य गाउँपालिकाको हुनेछ ।

## परिच्छेद ४

## विविघ

(१३) रोजगार व्यवस्थापन सूचना प्रणाली :

गाउँपालिकामा सञ्चालन हुने रोजगार व्यवस्थापन सूचना प्रणालीमा यस कार्यविधि बमोजिमसंचालन हने रोजगार आयोजनको लागत तथा खर्चको विवरण लगायत श्रमिकको रोजगारीको दिनर भुक्तानीको विवरण एकिन गरि रोजगार केन्द्रले अद्यावधिक गरि राख्नु पर्नेछ ।

(१४) थपघट वा हेरफेर तथा बाघा अड्काउ फुकाउन र व्याख्या गर्न सक्ने :

यस कार्यविधि बमोजिम संचालन हुने विभिन्न योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा बाधाअड्काउ परेमा, बाधा अड्काउ फुकाउन, गाउँ कार्यपालिकाको बोर्ड बैठकले सक्नेछ ।

# अनुसूची १

## कार्यविधिको बुदा-७ सँग सम्बन्धित

## अध्यक्ष रोजगार आयोजनाको लागत अनुमान

| | | लागत अनुमान र साझदारी | | | |
|---|---|---|---|---|---|
| क.सं. | खर्च हुने विषय | अध्यक्ष रोजगार कार्यक्रम | प्रदेश | अन्य निकाय | कुल जम्मा |
| १ | बाह्य सामाग्रीको खरिद ( अधिकतम २५ प्रतिशत) | | | | |
| २ | श्रमिकको ज्यालामा खर्च हुने रकम (कम्तिमा ७० प्रतिशत) | | | | |
| ३ | आयोजना सुपरभाईजरको खर्च | | | | |
| ४ | आयोजना व्यवस्थापन खर्च | | | | |
| ५ | कन्टिजेन्सी (अधिकतम ३ प्रतिशत | | | | |
| जम्मा | | | | | |

**आज्ञाले,**

**रोम बहादुर महत**

**प्रमुख प्रशासकीय अधिकृत**